प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
मुस्ताङ जिल्ला अस्पताल जोमसोम
गण्डकी प्रदेश, नेपाल

फोन नम्बरः ०६९-४४०२९१

## चमेना गृह (Canteen) सञ्चालन सम्बन्धी सूचना

### सूचना नं.०२/MH/०७९/०८०

प्रथम पटक प्रकाशित मितिः-२०७९/०९/२०

यस मुस्ताङ अस्पतालको परिसर भित्र निर्मित चमेना गृह भवनमा चमेना गृह (Canteen) सञ्चालन गर्नु पर्ने भएकोले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही खानेकुरा (खाना/खाजा) को परिकारहरु निर्धारित दररेटमा उपलब्ध गराउन ईच्छुक फर्म, संस्था वा व्यवसायीहरुका लागि शिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः-**

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रु.१,०००/- (एक हजार रुपैया मात्र) दस्तुर फिर्ता नहुने गरी प्रदेश लेखा नियन्त्रण कार्यालय जोमसोम, मुस्ताङ नेपाल बैंक लिमिटेड जोमसोम, मुस्ताङको राजस्व नं.१४२२९ खाता नं. २७३०२००००१००१००००१ र कार्यालय कोड नं. ३५५०६४१०१४ मा नगद जम्मा गरेको सक्कलै दोस्रो प्रति भौचर पेश गरी कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

१. दरभाउपत्र बन्दी खाम बाहिर पेश कर्ताको नाम, ठेगाना, सम्पर्क नं उल्लेख गर्नुपर्ने छ । साथै दरभाउपत्र साथ निम्न कागजात हरु पेश गर्नुपर्ने छ।
    - क. सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी — १
    - ख. स्थायी लेखा नं.(PAN) दर्ता प्रमाण पत्र प्रतिलिपी — १
    - ग. फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी — १
    - घ. करदर्ता तथा नविकरण र कर चुक्ताको प्रमाणपत्र २०७८/०७९
    - ङ. कार्यालय बाट खरिद गरिएको दरभाउ पत्र पेश गर्ने फाराम रितपुर्वक भरी सही छाप लगाएको हुनुपर्ने छ ।

२. दरभाउ पत्र नियमानुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ । यसरी दर्ता हुन आएका दरभाउ पत्रहरु सोही दिनको २.०० बजे खोलिने छ ।सो दिन सार्बजनिक बिदा परेमा भोलिपल्ट कार्यालय खुल्ने दिन खोलिने छ ।

३. चमेना गृह सञ्चालन गरे बापत न्यूनतम मासिक भाडादर तपसिल बमोजिम कबोल रकममा बढावढ पछि कायम हुने भाडादर निर्धारण गरिने छ।

| सूचना नं. | न्यूनतम कबोल भाडादरको रकम | |
|---|---|---|
| ०२/MH/२०७९/०८० | आ.व.२०७९/०८० को लागि | आ.व.२०८०/०८१ को लागि |
| | मासिक रु.३,०००/- | मासिक रु.५,०००/- |

४. दरभाउ पत्र पेश गर्ने फर्म, संस्था वा ब्यक्तिले रु.१०,०००/- जमानत बापतको बैंक ग्यारेण्टी वा प्रदेश लेखा नियन्त्रण कार्यालय जोमसोम, मुस्ताङ नेपाल बैंक लिमिटेड जोमसोम, मुस्ताङको धरौटी खाता नं. ०६८०२०००००२००३००००१. र कार्यालय कोड नं. ३५५०६४१०१४ मा नगद जम्मा गरेको सक्कलै दोस्रो प्रति भौचर पेश गर्नु पर्नेछ ।

५. प्रस्ताव पत्र स्वीकृत भएमा सञ्चालकले रु.१५,०००/- कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिने छ ।

६. प्रस्तावपत्र स्वीकृत भई सम्झौता नगर्ने ब्यक्तिको धरौटी रकम जफत हुनेछ ।

७. हुलाक कुरियार र ईन्टरनेटबाट पठाईएको सिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन।

८. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको दरभाउ पत्र लाई मान्यता दिईने छैन।

९. चमेना गृह सञ्चालनको लागि कार्यालयको परिसर भित्र रहेको नव निर्मिति भवन उपलब्ध गराईनेछ।

१०. चमेना गृह सञ्चालन गरे बापतको बिद्युत र पानीको महशुल सञ्चालकले तिर्नुपर्ने छ ।

११. चमेना गृहका लागि आवश्यक पर्ने कुर्सी, टेवल लगायत फर्निचर र भाँडवर्तनको ब्यवस्था सञ्चालक आफैले गर्नुपर्ने छ ।

१२. कार्यालयले तोकेको समयमा मात्र चमेना गृह सञ्चालन गर्नुपर्ने छ ।

१३. चमेना गृह बाट मध्यपान, धुम्रपान र नेपाल सरकार बाट निषेध गरिएको सामानहरु बिक्रिबितरण गर्न पाईने छैन ।

१४. प्रस्तावपत्र साथ उपलब्ध गराउने परिकार बाहेक थप परिकार बाहेक थप परिकार बिक्री गर्नु पर्ने भएमा कार्यालयको सहमतिमा दर निर्धारण गरी बिक्री बितरण गर्नुपर्ने छ ।

१५. चमेना गृहमा उपलब्ध गराइने परिकारको परिमाण, गुणस्तर एवं चमेना गृह र वरपरको सरसफाई वारेमा अनुगमन हुने र पुर्व निर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाईएमा जुनसुकै बखत कार्यालयले सम्झौता शर्त बमोजिम कारबाही गर्न सक्ने।

१६. प्रस्ताव पत्र स्वीकृत हुनेले नै चमेना गृह सञ्चालन गर्नुपर्ने छ । र अन्य ब्यक्तिलाई भाडामा लगाउन पाइने छैन ।

१७. स्वीकृत मुल्य सुचि सबैले देख्ने ठाँउमा टाँस गर्नुपर्ने छ ।

१८. अन्य शर्तहरु प्रचलित कानुन र सम्झौता बमोजिम हुने छ ।

डा.विशाल तिवारी
नि.मे.सु.

Websitem:- mdh.gandaki.gov.np, इमेल ठेगानाः jomsomhospital@gmail.com
जोमसोम, मुस्ताङ